बर्दिवास नगरपालिकाको मासु व्यवसाय संचालन तथा अनुगमन सम्वन्धी मापदण्ड २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/१२/१०

CamScanner

बर्दिवास नगरपालिकाको मासु व्यवसाय संचालन तथा अनुगमन सम्बन्धी मापदण्ड २०८१

यस नगरपालिका क्षेत्रभित्र मासु पसल /फ्रेस हाउस हरुलाई थप व्यवस्थित र आधारभुत मापदण्ड पुरा गरि नियमन तथा व्यवसाय दर्ता अभिलेखिकरण गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४को दफा ११(७) ले दिईएको अधिकार प्रयोग गरी नगरपालिकाले यो मापदण्ड तयार गरि लागु गरिएको छ ।

(क) स्वच्छ मासु उत्पादनका लागि ध्यान दिनुपर्ने कुराहरु

- मासुको लागि निरोगी पशुपंक्षीहरुको मात्र वध गर्ने ।
- मासु सुरक्षित राख्नको लागि शित भण्डारण डिप फ्रिजको व्यवस्था गर्ने ।
- मासु पसलमा झिंगा, धुलो प्रवेश नहुने वातावरण सिर्जना गर्ने ।
- मासु विक्रेताले सरसफाईका लागि पन्जा, एप्रोन,माक्स,टोपी आदी जस्ता सामाग्रीहरुको प्रयोग गर्ने ।
- मासुमा पानी छर्कने, मासु पानीमा डुवाउने वा पानीमा भिजाईएको कपडाले छोप्न नहुने ।
- मासुको आकर्षण वढाउन वा मासु सड्न बाट वचाउन कुनै प्रकारको रंग वा रसायन प्रयोग गर्न नहुने ।
- खसी , वोका,बाखा, कुखुरा आदी एकै ठाउँमा वध तथा मासु विक्रि वितरण गर्न नहुने ।
- वध गरिएको पशुको भित्रायांस(आन्द्रा, भुडी, टाउको, खुट्टा,रगत) जस्ता भाग पसलमा छुट्टै राखि उपभोक्ताको माग वमोजिन मासुसँग लसपस नहुने गरि अलग्गै फ्रिजमा नै राखि विक्रि गर्नु पर्ने ।

(ख) मासु पसल दर्ता तथा नविकरणका लागि निम्न अनुसार को मापदण्ड एंव भौतिक अवस्था हुनु पर्ने छ ।

१. मासु विक्री कक्ष प्रयाप्त स्थान सहितको हुनु पर्ने,
२.फ्लोर र भित्तामा टायल लगाएको हुनु पर्ने,
३ विक्री कक्षमा स्टीलनेस स्टील , टेवुल /मार्वल लगाएको हुनु पर्ने ,
४. डिजिटल तौल मेसिन हुनु पर्ने,
५. विक्री कक्षमा जाली /शिसा लगाएको झिंगा नछिर्ने हुनु पर्ने,
६. मासु विक्रिकक्षमा डिप फ्रिंजको व्यवस्था हुनु पर्ने,
७.स्टीलनेस स्टील को हरियार हरु र गुणस्तरीय चपिङ्ग वोर्ड व्यवस्था हुनु पर्ने,
८. वध गर्नु छुट्टै प्लेट फर्म वनाउनु पर्ने (काट्ने र वेच्ने स्थान फारक फरक हुनु पर्ने,
९ फोहोरको उचित व्यवस्थापन मिलाउनु पर्ने,

CamScanner

रामनाथ अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मासु पसल दर्ता /नविकरण गर्नका लागि पेश गरिने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रसाशकीय अधिकृत ज्यू
वर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वर्दिवास, महोत्तरी ।

मिति :-२०८१।......।......

विषय :- मासु पसल संचालन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा वर्दिवास नगरपालिका वडा नं. . ... स्थीत ....वजार /स्थानमा नगरले तोकेको मापदण्ड अनुरुपको मासु पसल स्थापना /संचालन गरेको हुनाले तहाँ नगरपालिकामा दर्ता /अभिलेखिकरणका लागि निम्न अनुासारको कागजात संकलन राखि यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु
१. निवेदन
२. नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी
३.संधियारको सहमति मुचुल्का
४सम्वन्धीत वडा कार्यालयको सिफारिस

निवेदक
नाम:-
ठेगाना :-
सम्पर्क नं.:-

बर्दिवास नगर पालिका

नगर कार्यपालिको कार्यालय

पशु सेवा शाखा

बर्दिवास, महोत्तरी ।

दर्ता नं. :- दर्ता मिति :

दर्ता प्रमाण पत्र

बर्दिवास नगरपालिकाको पशु सेवा शाखा बर्दिवास महोत्तरीको नीति,निर्देशन र सुपरिवेक्षणमा रहि तपाई लाई .... संचालन गर्न यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ । नविकरण नगरिएको अवस्थामा एक वर्षको लागि मात्र मान्य हुनेछ ।

प्रमाण पत्र पाउने	प्रमाण पत्र दिने अधिकारी
नाम :-	सहि :-
ठेगाना :-	नांम :-
ना.प्र.प.न. :-	पद :-
मो.न. :-	

CamScanner

नविकरण सम्वन्धि विवरण

नवीकरण मिति	आ.व.	प्रमाणित गर्नेको दस्तखत	कैफियत

मासु पसल दर्ता /नविकरण गर्नका लागि स्थलगत अनुगमन फर्मेट

क्र.स.	विवरण	विद्धमान अवस्था		कैफियत
		भए	नभएको	
१.	मासु विक्री कक्ष व्यवस्थित			
२.	विक्रि कक्षमा टायल			
३.	स्टिलनेश टेवल/ मार्वल विच्छ्याएको			
४.	मासु विक्रि कक्षमा जाली/सिसा			
५.	डिप फ्रिज			
६.	स्टिलनेश स्टिल हतियार.			
७.	वध गरिने पशुको छुट्टै प्लेट फर्म			
८	फोहोरको उचित व्यवस्थापन			

अनुगमन कर्ता

बर्दिवास नगरपालीका

नगर कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

बर्दिवास, महोत्तरी ।

पशु बधशाला/पशु वधस्थल/मासु पसल अनुगमन चेक लिष्ट

मिति:

व्यवसायको किसिम: पशु बधशाला ☐ पशु वधस्थल ☐ मासु पसल ☐

क.	व्यवसायको संक्षिप्त जानकारी				
	व्यवसायको नाम, ठेगानां:				
	संचालकको नाम, ठेगानां:				
	घर नं वा GPS point:सम्पर्क नं:				
	वध गर्ने पशुको किसिमं	भैसि/राँगा	खसी/बोका	वंगुर	कुखुरा
	दैनिक वध हुने पशुको संख्या				
	दैनिक बिक्री हुने मासुको परिणाम (के.जी.)				

ख.	व्यवसायको प्रशासनिक अवस्था				
	व्यवसाय दर्ता नं:नविकरण:गरेकोनगरेको		☐		☐
	साइनबोर्ड	राखेकोनराखे	☐		☐
	भैसी/राँगा, बोका/खसी, कुखुरा, बंगुरको लागि छुटाछुट्टै इजाजत पत्र	भएको	☐	नभएको	☐
	मूल्य सूचि	राखेकोनराखे	☐		☐
	मासुको मूल्य प्रति केजी	रु.			
	पशुपन्क्षीको श्रोत खुल्ने कागजात	भएको	☐	नभएको	☐
ग.	**व्यवसायको भौतिक संरचना**				
	जाली र सिसा	लगाएकोनल	☐		☐
	भुइ र भित्तामा टायल	लगाएकोनल	☐		☐
	भित्तामा सेतो रंग	लगाएकोनल	☐		☐
	वास वेसिनको व्यवस्था	भएकोनभएक	☐		☐
	डिप फिज	भएकोनभएक	☐		☐
	नाप तौल विभागबाट ट्याग गरिएको तराजु	भएकोनभएक	☐		☐
घ.	**व्यवसायको सरसफाई तथा स्वस्थता**				
	वध गर्ने ठाँउ/वधस्थल र मासु काटने औजार भाडा वर्तन	सफा	☐	फोहोर	☐
	वध गरेको फोहर व्यवस्थापन	उचित	☐	अनुचित	☐
	एप्रोन, मास्क, टोपी प्रयोग	गरेको	☐	नगरेको	☐
	निसकमण गर्ने	गरेको	☐	नगरेको	☐
	निसकमण गर्न प्रयोग हुने	रासायिनिक औषधी/साबुन पानी/सरफ/...........			
	मासु पसल र वधस्थल संगै	भएको	☐	नभएको	☐
	मासु पसल र पशु बधस्थलमा पर्याप्त क्षेत्रफल	भएको	☐	नभएको	☐
	विविध				
	व्यवसाय सम्बन्धी तालिम	लिएको	☐	नलिएको	☐
	पशु बध, मासु ढुवानी, मासु बिक्रीमा संलग्न व्यक्तिको ६–६ महिनामा स्वस्थ्य परिक्षण	भएकोनभएक	☐		☐

सुझाव:

....

....

निरीक्षण टोली

१).. २)..

बेदिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेदिवास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

रामसणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

<u>मासु विकेताले मासु पसल राख्नको लागि पूरा गर्नुपर्ने कानुनी व्यवस्था</u>

- इजाजतपत्र नलिई पशु वधशाला,वधस्थल स्थापना वा मासु विकि गर्न पाइनेछैन ।
- मासु विकेताको काम गर्न चाहने व्यक्ति वा संस्थाले तोकीएको ढाँचामा स्थानिय तह (नगरपालिका मा इजाजत/ अनुमतीको लागि दरखास्त दिनुपर्नेछ । पशु चिकित्सक/मासु निरिक्षकले मासुपसलको स्थलगत निरिक्षण गरी प्रतिवेदन पेश गरेपछि मात्र स्थानिय तहले इजाजतपत्र दिनेछ । तोकिएको मापदण्ड पूरा नभएका मासुपसलहरुले स्विकृति पाउनेछैन । मासु पसल दर्ता गर्दा पुरा गर्नपर्ने शर्तहरुको लागि जिल्ला भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा नगरपालिकामा जानकारी लिन सकिनेछ ।
- वधस्थल वा तोकिएको ठाँउमा मात्र पशु वध गर्नुपर्नेछ ।
- जति किसिमका पशुको मासु विकि गर्ने हो सवैको छुटाछुटै इजाजतपत्र लिनुपर्नेछ , इजाजतपत्र अरुलाई प्रयोग गर्न दिन हुँदैन । इजाजत अनुसार मासु विकताले काम गर्न छाडेमा सात दिनभित्र इजाजतपत्र दिने निकायलाई जानकारी गराउनु पर्नेछ ।
- जति किसिमका पशुको मासु विकि गर्ने हो सबैको लागि छुटाछुटै फिज र अचानो हुनुपर्नेछ ।
- मासु पसलको विकताले कलेजी रगंको टोपि,नीलो रंगको एप्रोन/कमिज, कालो रंगको सुरुवाल, मास्क, गम्बुट प्रयोग गर्नुपर्नेछ । हरेक ६ महिनामा मासु विकताले आफनो स्वास्थ्य परिक्षण गर्नुपर्नेछ ।
- पसलको बाहिरबाट स्पष्ट देख्न र पढ्न सक्ने गरी व्यवसायीको नाम, थर, ठेगाना, व्यवसायको प्रकार, इजाजतपत्र, इजाजतपत्र नवीकरण गरेको मिति, मुल्य सुची र स्थानिय निकायले तोकेको अन्य विविरण राख्नु पर्नेछ ।

<u>थप जानकारी</u>

- कुनै पनि पशुलाई सम्भव भएसम्म वध गर्नुपूर्व २४ घण्टासम्म आराम दिनु पर्नेछ र वध गर्ने १२ घण्टा पहिले देखि पानी वाहेक अन्य आहार दिन रोक्नु पर्नेछ ।